.

# पिपल्स फाइनान्स लिमिटेड महावौद्ध, काठमाण्डौंलाई गरिएको कारवाही ।

पिपल्स फाइनान्स लिमिटेडको पूँजीकोष यस बैंकबाट जारी निर्देशनको सीमा भन्दा ६.४९ प्रतिशत बिन्दुले न्यून रहेकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाहरुको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को वुँदा ३ को “घ” बमोजिम मिति २०६८।४।२५ देखि शीघ्र सुधारात्मक कारवाही गरी देहायका निर्देशनहरु दिइएको छ ।

अ) थप निक्षेप खाता नखोल्न ।

(आ) लाभांश तथा वोनस शेयरको घोषणा नगर्न ।

(इ) कर्जा प्रदान नगर्न ।

(ई) खरिद वा लिज प्रक्रियामार्फत थप स्थिर सम्पत्ति खरिद नगर्न तथा यस बैंकको स्वीकृति विना स्थिर सम्पत्ति बिक्री नगर्न ।

(उ) यस बैंकको पूर्व स्वीकृति विना संस्थाका सञ्चालक तथा कर्मचारीहरुलाई प्रोत्साहन भत्ता, संस्था छोड्दा दिने अन्य सुविधा वृद्धि, व्यवस्थापन शुल्क वा अन्य क्षतिपूर्ति आदि प्रदान नगर्न ।

(ऊ) तलव भत्ता तथा अन्य आर्थिक सुविधा वृद्धि, नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्न ।

(ए) प्रतिदिन प्रतिखाता रु.२ लाखभन्दा बढीको निक्षेप दायित्वको भुक्तानी गर्दा यस बैंकको वित्त कम्पनी सुपरिवेक्षण विभागको स्वीकृति लिन ।